**वैठक संख्याः- ११३**

आज मिति २०८०/०९/२५ गते वुधवार दिउसो ठिक २:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | मोहनलाल शर्मा |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | चन्दा |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | प्रेमा देवी |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | शिरविन्दु |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | गोविन्द |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | श्री अब्दुल रसिद खाँ | सल्लाहकार | |
| २ | श्री हरि प्रसाद ज्ञवाली | प्र- सचिव- | |
| ३ | श्री विनोद कुँवर | अधिकृत | |
| ४ | श्री वनराम न्यौपाने | लेखा अधिकृत | |
| ५ | श्री प्रभाकर चौधरी | ई० प्र० अ० | Chaudhary |

## मिति २०८०/०९/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- ११३

## बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

२. योजना माग सम्वन्धमा।

३. समसामायिक विविध।

**निर्णयहरु**

१. मिति २०८०/०९/११ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

२. यस नगरपालिकाको लागि तपसिल बमोजिमका निकाय योजना माग गर्ने निर्णय गरियो।

**तराई मधेश समृद्दि कार्यक्रमः-**

क. सामुदायिक भवन निर्माण क.ब.न.पा.११ बनगाई।

ख. डंगेरी - शिपुरा सडक निर्माण।

ग. मेन रोड देखि थाना हुदै वर्गदवा सम्म सडक निर्माण।

**सडक बोर्डः-**

क. जमुहार नहर - वर्गदवा सडक खण्ड।

ख. महिता - वरगदवा - सुखरामपुर सडक खण्ड।

ग. सेमरि –कटहरवाघाट सडक खण्ड।

घ. पिपरी - लौसा सडक खण्ड।

ङ. आनन्दवाग पेट्रोल पम्प - आखा अस्पताल - देवानगढिया सडक खण्ड।

च. तेनुवा - नगवा सडक खण्ड।

छ. अरौराकोट - पकडी- धमौली सडक खण्ड।

ज. घेरेलु - आरा मिल सडक खण्ड।

**प्रदेश समपूरक अनुदानः-**

क. जुद्द बाँध सिचाई योजना क.व.न.पा.१२ विठुवा।

ख. जगदिशपुर जलैया सडक निर्माण क.व.न.पा. ९।

ग. अरौराकोट नरैनापुर पर्सिया सडक निर्माण क.व.न.पा.११।

घ. थुम्हवा शसस्त्र पोष्ट देखि सगरहवा सडक निर्माण क.व.न.पा.६।

**विशेष अनुदानः-**

क. क.व.न.पा ११ रेहरा स्थित शितलवक्स मा.वि. मा ४ (चार) कोठे भवन निर्माण।

ख. क.व.न.पा.३ स्थित जमुहार श्री राधाचन्द्र आधारभूत विद्यालयमा २ (दुई) कोठे भवन निर्माण।

प्रमुख    अधिकृत

**संघ समपूरक अनुदान :-** यस नगरपालिकाको लागि संघीय समपूरक अनुदान कार्यक्रम मार्फत स्वीकृत वहुवर्षे योजना अन्तर्गत क्रमागत रहेको तपसिल बमोजिमका योजनाहरुको लागि माग अनुसारको बजेट समपूरक अनुदान कार्यक्रमबाट स्वीकृत नभएकोले आगामि आ.ब.मा उक्त योजनाहरु सम्पन्न गर्नको लागि आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

तपसिल

क. भिक्षु चोक देखि मलपरवा सडक निर्माण (क्रमागत) ।

ख. आनन्दवाग सिकोटहवा मलपरवा सडक निर्माण (क्रमागत) ।

**संघ विशेष अनुदान :-**

क. राष्ट्रिय जनहित मा.बि.विद्यालय भवन निर्माण क.व.न.पा.७ ।

ख. श्री रत्न राज्य मा.बि.विद्यालय भवन निर्माण क.व.न.पा.१ ।

**लागत साझेदारीमा प्रशासनिक भवन निर्माण :-**

क. वडा नं. १,५,६ र ८ वडा कार्यालय भवन निर्माण ।

**समसामायिक विविध:-**

१. क.व.न.पा.वडा नं.३ को मिति २०८०/०९/२४ च.नं. १२६६ पत्रानुसार वडा नं.३ को कार्यालयमा चौकीदार पदमा कार्यरत श्री राजेश कान्दुको मिति २०८०/०८/०१ गते असामाहिक निधन भएको र उक्त चौकीदारको आर्थिक अवस्था कमजोर भएको हुँदा काज क्रिया स्वरुप रु १५,०००।- (पन्ध्र हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२. "कपिलवस्तु नगरपालिका योजना अनुगमन कार्यविधि" निर्माण गर्न विधेयक समितिलाई निर्देशन दिने ।

३. "कपिलवस्तु नगरपालिका नगर खेलकुद विकास कार्यविधि" निर्माण गर्न विधेयक समितिलाई निर्देशन दिने ।

४. "कपिलवस्तु नगरपालिका नगर पर्यटन विकास कार्यविधि" निर्माण गर्न विधेयक समितिलाई निर्देशन दिने ।

५. यस नगरपालिकावाट अर्को व्यवस्था नहुदाँ सम्म क.व.न.पा.वडा नं.१ मा विद्युत लाइन म्यान श्री सफिक अल्लाह मिया लाई काममा लगाउने निर्णय गरियो ।

६. यस कपिलवस्तु नगरपालिका क्षेत्र भित्र रहेका छाडाचौपाया व्यवस्थापनको लागि मिति २०८०/०९/२५ गते सम्मको खर्च विवरण वडा नं. ३ वडा अध्यक्ष तथा छाडाचौपाया व्यवस्थापन समितिको संयोजक श्री रुद्र बहादुर गैर प्रतिवेदनको आधारमा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

७. भवानी भिक्षु चोक देखि मलपरवा सम्मको सडक निर्माण कार्यको रेखदेख गर्न निर्माण अवधि भर १ (एक) जना अप्राविधिक सुपरभाइजर राख्ने निर्णय गरियो ।

८. प्रदेशबाट आ.वा.२०७९/०८० को लागि छुट्याइएको शहरी विकास मन्त्रालयको बजेट वडा नं.३ मा अवस्थित कपिलवस्तु बहुमुखी क्याम्पसको अगाडि रहेको नालि बजेट अपूग भएकोले अधुरो

सदिप पौडेल
प्रमुख

अधिकृत

अवस्थामा रहेको नालिको योजना पुरा गर्न सम्वन्धि निकायमा बजेट विनियोजन गरि दिन सिफारिस गर्ने निर्णय गरियो ।

९. यस कपिलवस्तु नगरपालिकाबाट सम्पादन गरिने कामकारवाहीलाई व्यवस्थित, योजनाबद्ध, प्रभावकारी, जनताले अनुभूति गर्ने गरि सम्पादनं गर्ने अवस्थाको सृजना गर्ने/गराउने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याँकन कार्यविधि, २०७७ जारी भई कार्यान्वयनमा आएको व्यहोरा अवगत छ । उक्त कार्यविधिले देहायका क्षेत्रहरुमा देहायका अँकभार र उक्त क्षेत्रमा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको स्व-मूल्याँकन (जिल्ला समन्वय समितिको रोहवरमा) गर्ने परिपाटीको व्यवस्थापन गरेको छ । यसै सन्दर्भमा आ.व. २०७९/०८० मा यस कपिलवस्तु नगरपालिकाबाट सम्पादित कार्यहरुबाट तपसिल अनुसारका अँक प्राप्त भएकोले उक्त अंकलाई यस बैठकद्वारा अनुमोदन गर्दै नतिजा सार्बजनिक गर्नका लागि सर्वसहमतिबाट निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | विषय क्षेत्र | अँकभार | प्राप्ताँक | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८ | ८८.८९ |
| २ | संगठन तथा प्रशासन | ८ | ४ | ५० |
| ३ | बार्षिक बजेट तथा योजना तर्जुमा व्यावस्थापन | ११ | ५ | ४५.४५ |
| ४. | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १० | ९०.९१ |
| ५ | सेव प्रवाह | १६ | १२.२५ | ७६.५६ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ६.५ | ९२.८६ |
| ७ | भौतिक पूर्वधार | १३ | ८ | ६१.५४ |
| ८ | सामाजिक समावेशीकरण | १० | ८.५ | ८५ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | २ | २२.२२ |
| १० | सहकार्य र समन्वय | ६ | ४.२५ | ७०.८३ |
| | जम्मा | १०० | ६८.५ | ६८.५ |

प्रमुख प्रशासकीय अधिकृत